# जनकपुरधाम उपमहानगरपालिका
## स्थानीय राजपत्र
## जनकपुरधाम उपमहानगरपालिकाद्वारा प्रकाशित

खण्ड १ संख्या १ अतिरित्ताङ्क मिति २०७८।०१।११

भाग-१

# जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन (स्तर बृद्धि) सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**आज्ञाले**

**विनोद कुमार खडका**
**प्रमुख प्रशासकीय अधिकृत**

# जनकपुरधाम उप-महानगरपालिकामा कार्यरत कर्मचारीहरुको समायोजन (स्तर बृद्धि) सम्वन्धमा व्यवस्था गर्न बनेको ऐन, २०७८

**प्रस्तावना**ः सरकारी तथा अन्य सेवाबाट कर्मचारीहरुको समायोजन भई जनकपुरधामउप-महानगरपालिकामा कामकाज गर्न खटिए पश्चात साविकको नगरपालिका तथा हालको उप-महानगर सेवामा प्रवेश गरी हालसम्म स्थायी रुपमा कार्यरत रहेका कर्मचारीहरुको स्तर बृद्धि नभई समायोजन भएका कारण जनकपुरधाम उप-महानगरपालिकाको समग्र कार्य सम्पादनमा अपेक्षित प्रभावकारिता नदेखिएको, सम्वत् २०७४ सालदेखी विज्ञापन र बढुवा नहुँदा उप-महानगर सेवाका कर्मचारीहरुको बृति विकास अवरुद्ध भएको अवस्थाका साथै कर्मचारी समायोजन ऐन, २०७५ को दफा ६ को उपदफा ४ समेतलाई आधार मानि उप-महानगर सेवामा कार्यरत रहेका र अन्य स्थानीय तह साविकको जिल्ला विकास समिति हाल जिल्ला समन्वय समिति तथा नगरपालिका गाउँपालिकाबाट सरुवा, कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार स्तर बृद्धि नभई समायोजन भई उप-महानगरपालिकामा पदस्थापना भएका कर्मचारीहरको समायोजन (स्तर बृद्धि) गर्ने सम्वन्धमा कानुनी व्यवस्था गर्न बाञ्छनीय भएकोले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा १ बमोजिम जनकपुरधाम उप-महानगरपालिकाको नगर सभाले यो ऐन बनाएको छ ।

१. <u>**संक्षिप्त नाम र प्रारम्भः**</u> (१) यस ऐनको नाम **"जनकपुरधाम उप-महानगरपालिका कर्मचारी समायोजन** (स्तर बृद्धि) **ऐन, २०७७"** रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. <u>**परिभाषाः**</u> विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस ऐनमा,-

(क) **"कर्मचारी"** भन्नाले तत्कालिन स्थानीय निकायको रुपमा रहेको जनकपुरधाम उप-महानगरपालिकाको स्वीकृत दरवन्दीमा सेवा प्रवेश गरी हाल कार्यरत स्थानीय वा अन्य स्थानीय निकाय साविकको जिल्ला विकास समिति हाल जिल्ला समन्वय समिति तथा नगर पालिका गाउँ पालिकाबाटबाट स्तर बृद्धि नभई समायोजन भई जनकपुरधामउप-महानगरपालिकामा पदस्थापना भएका र यो ऐन जारी हुँदाका बखत उप-महानगर सेवामा कार्यरत स्थायी कर्मचारीलाई सम्झनु पर्छ ।

(ख) **"कार्यपालिका"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको नगर कार्यपालिकालाई सम्झनु पर्छ ।

(ग) **"तोकिएको वा तोकिएबमोजिम"** भन्नाले यस ऐन र उप-महानगरपालिकाले समय समयमा निर्णय गरी तोकिएको वा तोकिएका कुरालाई सम्झनु पर्छ ।

(घ) **"नगरसभा"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकाको नगर सभालाई सम्झनु पर्छ ।

(ङ) **"प्रमुख प्रशासकीय अधिकृत"** भन्नाले स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८४ बमोजिम नियुक्त उप-महानगरपालिकाको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(च) **"उप-महानगर सेवा"** भन्नाले जनकपुरधाम उप-महानरपालिकामा साविकको स्थानिय निकायमा स्थायी रुपमा नियुक्त भई हालसम्म कार्यरत रहेका कर्मचारीको सेवा समुहलाई सम्झनु पर्छ ।

(छ) **"उप-महानगरपालिका"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकालाई सम्झनु पर्छ ।

(ज) **"स्थानीय कानून"** भन्नाले जनकपुरधाम उप-महानगरपालिकाबाट जारी भएका कानूनलाई सम्झनु पर्छ ।

३. **उप-महानगर सेवामा कर्मचारी समायोजन (स्तर बृद्धि) गर्ने:** (१) साविकको स्थानीय निकायको रुपमा उप-महानगरपालिकामा स्थायी रुपमा सेवा प्रवेश गरेका वा अन्य स्थानीय निकायमा नियुक्त भई उप-महानगरपालिकामा सरुवा, पदस्थापना तथा स्तर बृद्धि नभई कर्मचारी समायोजन ऐन २०७५ को दफा ६ बमोजिम संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको निर्णयानुसार समायोजन भएका र यो ऐन जारी हुँदाका बखत उप-महानगरपालिकामा कार्यरत उप-महानगर सेवाका कर्मचारीहरुको समायोजन (स्तर बृद्धि) गरिनेछ ।

(२) उपदफा (१) बमोजिम उप-महानगर सेवाका कर्मचारीहरुको समायोजन (स्तर बृद्धि) देहाय बमोजिम हुनेछ :

| क्र.सं. | साविकको तह | समायोजन (स्तर बृद्धि) पश्चात कायम हुने तह | पद नाम | कैफियत |
|---|---|---|---|---|
| १ | सहायकस्तर द्वितिय | सहायकस्तर तृतिय | कनिष्ठ सहायक | |

| | | | | |
|---|---|---|---|---|
| २ | सहायकस्तर तृतिय | सहायकस्तर चौथो | सहायक | |
| ३ | सहायकस्तर चौथो | सहायकस्तर पांचौ | बरिष्ठ सहायक | |
| ४ | सहायकस्तर पांचौ | अधिकृतस्तर छैंठौ | अधिकृत | |
| ५ | अधिकृतस्तर छैंठौ | अधिकृतस्तर सातौं | सहायक वरिष्ठ अधिकृत | |
| ६ | अधिकृतस्तर सातौं | अधिकृतस्तर आठौं | वरिष्ठ अधिकृत | |

(३) उपदफा (२) बमोजिमको पदनाममा सम्वन्धित सेवावा समुह जनाई पदनाम कायम हुनेछ ।

(४) सहायक स्तर पहिलो तहका विभिन्नपदमा कार्यरत कर्मचारीको हकमा हालको स्तरमा एक स्तर बृद्धि हुनेछ । बृद्धि नहुने पदमा कार्यरत कर्मचारीको हकमा २ ग्रेड थप गरिने छ ।

(५) यस दफा बमोजिम उप-महानगर सेवाका कर्मचारी समायोजन (स्तर बृद्धि) गर्दा कायम हुने तलव निजले साविकमा खाईपाई आएको तलव भन्दा कम हुने भएमा आवश्यक ग्रेड थप गरी मिलान गरिनेछ ।

(६) उपदफा (१) बमोजिम समायोजन (स्तर बृद्धि) स्वीकार गर्ने कर्मचारीहरुले समायोजनबाट कायम हुने तह र पदको निम्ति तोकिएको शुरु तलवमान र सुविधाहरु प्राप्त गर्नेछन् ।

४. **समायोजन (स्तर बृद्धि) को पत्र दिने:** (१) यस ऐन बमोजिम समायोजन (स्तर बृद्धि) भए पश्चात उप-महानगर सेवाका कर्मचारीहरुलाई प्रमुख प्रशासकीय अधिकृतले समायोजन (स्तरबृद्धि) भएको पत्र तुरुन्त दिनु पर्ने छ ।.

(२) उपदफा (१) बमोजिम दिइने पत्र अनुसूची-१ बमोजिमको हुनेछ ।

५. **पदस्थापन गरिने :** यस ऐन बमोजिम समायोजन (स्तर बृद्धि) भएपश्चात उप-महानगरपालिकाले स्वीकृत गरेको संगठन संरचना र दरवन्दी पुनरावलोकनले निर्धारण गरेबमोजिम मिल्दो सेवा समूहको पदमा प्रमुख प्रशासकीय अधिकृतबाट पदस्थापना गरिने छ ।

६. **समायोजन (स्तर बृद्धि) भएका कर्मचारीहरुको सेवा सुविधाः** यस ऐन बमोजिम समायोजन भएका उप-महानगर सेवाका कर्मचारीहरुको तलव तथा अन्य सुवधिा स्थानीय कानूनले तोके बमोजिम हुनेछ ।

७. **पुल दरवन्दी सम्वन्धी व्यवस्थाः** दफा ३ बमोजिम समायोजन (स्तर बृद्धि) भएका उप-महानगर सेवाका कर्मचारीहरुलाई समायोजन (स्तर बृद्धि) पश्चात पदस्थापना गर्नु अघि स्वतःपुल दरवन्दीमा कायम भएको मानिने छ । यसरी समायोजन (स्तर बृद्धि) भई पुल दरवन्दीमा कायम भएका कर्मचारीलाई पदस्थापन गर्नु पूर्वको यथास्थानमा कामकाज गर्न बाधा पुगेको मानिने छैन ।

८. **जेष्ठताको गणनाः** (१) यस ऐन बमोजिम समायोजन (स्तर बृद्धि) हुने कर्मचारीहरुको जेष्ठता समायोजन (स्तर बृद्धि) हुनु पुर्वको तहमा काम गरेको अवधि र तह प्रवेश गरेको क्रमलाई समायोजन भई कायम हुने पदका लागि गणना गरिनेछ ।

(२) उपदफा (१) बमोजिम जेष्ठता गणना भएतापनि समायोजन (स्तर बृद्धि) पश्चातको पद बमोजिमको सेवा सुविधा भने यो ऐन जारी भए पश्चात मात्र लागु हुनेछ ।

९. **खारेजीः** यो ऐन प्रारम्भ हुनु अघि कर्मचारी समायोजन (स्तरबृद्धि) सम्वन्धमा उपमहानगरपालिका, कार्यपालिका र कार्यालयबट जारी गरिएका कार्यविधी खारेज गरिएकोछ ।

१०. **आवश्यक व्यवस्था मिलाउनेः** यो ऐन कार्यान्वयन गर्ने क्रममा कुनै कठिनाई उत्पन्न भएमा कार्यपालिकाले यो ऐनको प्रतिकूल नहुने गरी आवश्यक व्यवस्था मिलाउन सक्नेछ ।

## अनुसूची १

दफा ४ को उपदफा (२) सँग सम्वन्धित

## समायोजन (स्तर बृद्धि) पत्र.

मितीः ........................

प.सं.
च.नं.
श्री .........................

............................ ।

**विषयः- समायोजन (स्तर बृद्धि) गरिएको सम्वन्धमा ।**

कर्मचारी समायोजन ऐन, २०७५ र जनकपुरधाम उप-महानगरपालिका कर्मचारी समायोजन (स्तर बृद्धि) ऐन, २०७७ बमोजिम जेष्ठता गणना हुने गरी तपाईलाई जनकपुरधाम उप-महानगरपालिकाको तपसिल बमोजिमको पद तथा तहमा समायोजन(स्तर बृद्धि) गरिएको छ ।

आफुलाई तोकिएको जिम्मेवारी प्रचलित कानुनको अधिनमा रही इमान्दारीपूर्वक सम्पादन गर्नु हुनेछ भन्ने अपेक्षा गरिएको छ । समायोजन (स्तर बृद्धि) हुनु भएकोमा बधाई छ ।

| साविकको विवरण | समायोजन (स्तर बृद्धि) पछिको विवरण |
|---|---|
| पदः<br>तहः<br>सेवाः<br>समुहः | पदः<br>तहः<br>सेवाः<br>समुहः |

................................
प्रमुख प्रशासकीय अधिकृत

**बोधार्थ**

श्री संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार, काठमाण्डौं ।
श्री मुख्यमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय, प्रदेश नं. २, जनकपुरधाम ।
श्री प्रदेश लोकसेवा आयोग, जनकपुरधाम ।
श्री कर्मचारी संचय कोष, ठमेल, काठमाण्डौं ।
श्री नागरिक लगानी कोष, नयाँ बानेश्वर, काठमाण्डौं ।
श्री आर्थिक प्रशासन शाखा, जनकपुरधाम उप-महानगरपालिका ।

**प्रमाणीकरण मितीः २०७८/०१/१०**

**लाल किशोर साह**
**नगर प्रमुख**